गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाकाटमर्खेत
कर्णाली प्रदेश, नेपाल
☏ ९८५८०६५१११

प.सं. : २०८०/०८१
च. नं. :

## सहकारी संस्था सूचिकृत हुन आउने बारे सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति:२०८०/०५/२१

संघीय सरकार र प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहि यस नगरपालिका क्षेत्र भित्र मुख्य कार्यालय वा सेवा केन्द्र भएका सहकारीहरुले तपसिल बमोजिमका कागजातहरु संलग्न राखी प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र नगर कार्यापालिकाको कार्यालयमा सूचिकृत हुन अनुरोध छ ।साथै यस नगरपालिकामा सूचीकृत संस्थाहरुको सूची सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१. संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि ।

२. कार्यक्षेत्र र सेवा केन्द्र उल्लेख भएको विनियमको पानाको प्रमाणित प्रतिलिपि ।

३. सञ्चालन समिति र व्यवस्थापक प्रमुखको सम्पर्क नम्बर, नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित तिन पुस्ते विवरण ।

४. आ.ब २०७९/०८० कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदन ।

५. आ.ब २०७९/०८० घर बहाल कर र व्यवसाय कर तिरेको रसिदको प्रतिलिपि ।

६. कार्यालय सञ्चालन भईरहेको व्यहोराको सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र ।

७. सेवा केन्द्रको हकमा सेवा केन्द्र सञ्चालनको स्वीकृत दिने निकायको स्वीकृत पत्रको प्रमाणित प्रतिलिपि ।

८. सहकारी संस्थाको सम्पर्क नं र ई-मेल ठेगाना ।

चित्रबहादुर ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा:सूचना वेभसाईटमा अपलोड गरिदिनुहुन ।



CamScanner